नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

**स्पष्ट पारीएको सम्बन्धमा**

प्रस्तुत विषयमा यस आयोगबाट मिति २०७८।१०।१२ गते प्रकाशित कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिने (७५ प्रतिशत) बढुवाको सूचना २०७८ मा उल्लेख भएका केही विषयमा थप स्पष्ट पारिदिन सरोकारवालाहरूबाट अनुरोध भै आएकाले निम्नानुसार स्पष्ट पारीएको व्यहोरा आयोगको मिति २०७८।१०।२७ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. सूचनाको बुँदा नं. १ को उम्मेदवार हुनका लागि न्यूनतम योग्यता सम्बन्धमा :-
   यस बुँदामा रहेको शिक्षा विषयमा १० महिने तालिम वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा ४०० पूर्णाङ्कको शिक्षा विषय लिएर उत्तीर्ण गर्नुपर्ने व्यवस्था शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ९ को उपनियम (९) को प्रयोजनको लागि मात्र अनिवार्य रहने।
२. सूचनाको बुँदा नं. २ को दरखास्त साथ अनिवार्य रूपमा संलग्न हुनुपर्ने प्रमाणित कागजातहरूको खण्ड (ख) को सम्बन्धमा :-
   तोकिएको न्यूनतम योग्यता भन्दा माथिल्लो तहको कुनै शैक्षिक योग्यता भए लब्धाङ्कपत्र (ट्रान्सक्रिप्ट) र प्रमाणपत्रहरूको प्रतिलिपि संलग्न गर्नुपर्ने।

उप-सचिव